सुदूरपश्चिम प्रदेश सभामा मिति २०८३ साल असार १ गते
आर्थिक मामिला मन्त्री माननीय बिक्रम सिंह धामीले
प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८३/८४ को

# बजेट वक्तव्य

सुदूरपश्चिम प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

२०८३

**माननीय सभामुख महोदय,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल, सुदूरपश्चिम प्रदेश सभाको सम्मानीत बैठकमा आर्थिक वर्ष २०८३/०८४ को आय-व्ययको अनुमानित विवरण प्रस्तुत गर्न पाउँदा गर्वको अनुभुति गरेको छु।

२. राष्ट्रिय आकांक्षा अनुरूप सामाजिक न्याय, लोकतान्त्रिक मूल्य तथा नागरिक अधिकारको स्थापना, संरक्षण र प्राप्तिका लागि विभिन्न समयमा भएका जनआन्दोलन तथा गत भदौ २३ र २४ गतेको नवयुवा-जेनजीको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात वीर शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै आन्दोलनमा आहत नागरिकहरू प्रति सहानुभूति प्रकट गर्दछु।

३. **"समृद्ध सुदूरपश्चिम"** निर्माणका लागि विकास, समृद्धि र सामाजिक न्यायलाई सुदृढ आधार प्रदान गर्दै संविधानले निर्देशित गरेको समाजवादउन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने उद्देश्य सहित गरिबी, असमानता, विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति तथा समुदायको सशक्तीकरण र उत्थानमार्फत सबै नागरिकको दिगो शान्ति, सुशासन, विकास तथा समृद्धिको साझा आकांक्षा पूरा गर्ने गरी यो बजेट प्रस्तुत गरेको छु।

४. यसका लागि योजनाबद्ध विकासका प्रयासमार्फत उपलब्ध स्रोत-साधनको कुशलतम्, मितव्ययी, औचित्यपूर्ण र प्रभावकारी परिचालन गर्दै सामाजिक न्याय, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई सुदृढ गरिनेछ। उत्पादनशील क्षेत्रको विस्तार, उद्यमशीलताको प्रवर्द्धन तथा सीपमूलक कार्यक्रममार्फत रोजगारीका अवसर सिर्जना गर्दै डिजिटल पूर्वाधारको विकास तथा सूचना प्रविधिको व्यापक उपयोगमार्फत सेवा प्रवाहलाई सहज, पारदर्शी, प्रभावकारी र अनुमानयोग्य बनाइनेछ। वित्तीय क्षेत्र तथा बजेट प्रणालीको सुदृढीकरण, वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, विकास वित्तको विस्तार, कानूनी शासन, मानव अधिकार तथा सुशासन प्रवर्द्धन गर्दै संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र निर्माण, दिगो आर्थिक विकास तथा समृद्ध सुदूरपश्चिमको आधार सुदृढ गर्न केन्द्रित रहने विश्वास लिएको छु।

५. प्रदेशको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, सोह्रौ योजना, दिगो विकास लक्ष्यसहितका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, यस प्रदेशको दोस्रो पञ्चवर्षीय योजना र मध्यमकालीन खर्च संरचनालाई मुख्य आधार बनाएको छु। साथै, प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त तथा प्राथमिकता र माननीय सदस्यहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई मार्गदर्शनको रूपमा ग्रहण गरेको छु।

६. प्रदेश सभाका विभिन्न समितिहरू, संघ र स्थानीय तह, राजनीतिक दल, संघसंस्था, विद्धत वर्ग, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार एवम् संचार क्षेत्र लगायत युवा वर्ग तथा आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई अधिकतम् सम्बोधन हुने गरी प्राथमिकतामा राखेको छु।

**माननीय सभामुख महोदय,**

अब म सुदूरपश्चिम प्रदेशको समष्टिगत आर्थिक तथा सामाजिक परिसूचकहरूको संक्षिप्त सिंहावलोकन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. ४ खर्ब ६३ अर्ब ८८ करोड हुने अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. ४ खर्ब ४१ अर्ब १४ करोड रहेको थियो। जुन गत आर्थिक वर्षमा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान ७.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा ७ प्रतिशत रहने अनुमान छ।

२. आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा उक्त वृद्धिदर ३.८५ प्रतिशत हुने अनुमान छ।

३. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३३.६५ प्रतिशत, १३.७ प्रतिशत र ५२.६६ प्रतिशत अनुमान रहेको छ। यी क्षेत्रहरूको गत आर्थिक वर्ष २०८१/८२ मा वृद्धिदर क्रमशः २.७८ प्रतिशत, २.०४ प्रतिशत र २.८९ प्रतिशत रहेको थियो।

४. आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्रतिव्यक्ति आय १ हजार ५ सय ५३ अमेरिकी डलर पुग्ने अनुमान छ।

५. आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा संख्या ८४९ रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशको चैत्र मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ८४३ रहेको छ। यसमध्ये बिमा कम्पनीहरूको शाखा संख्या २७६ पुगेको छ। प्रदेशमा यस अवधिमा बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेप रू. १ खर्ब ८९ अर्ब तथा कर्जा प्रवाह रू. १ खर्ब ६३ अर्ब रहेको छ।

६. गत आर्थिक वर्षको बार्षिक बिन्दुगत तुलनामा आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म सुदूरपश्चिम प्रदेशको उपभोक्ता मूल्य सूचकाङ्क ३.३९ प्रतिशतले वृद्धि भई १०७.८४ पुगेको छ। ग्रामीण क्षेत्रको सूचकाङ्क १०८.०२ र शहरी क्षेत्रको १०७.७७ रहेको छ।

७. आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म कुल उद्योग संख्या १ हजार ५९९ दर्ता भई ५ हजार ४५२ जनाको लागि रोजगारी सृजना हुने देखिन्छ। यस अवधिमा दर्ता भएका उद्योग मध्ये कृषि तथा वनजन्य उद्योग ७५५ वटा, सेवामूलक उद्योग ५९२ वटा र उत्पादनमूलक १९१ वटा रहेका छन्। यस अवधिमा दर्ता भएका उद्योगहरूमा रू. २ अर्ब २२ करोड ३४ लाख लगानी हुने अनुमान गरिएको छ।

८. आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म प्रदेशमा १ लाख ५२ हजार हेक्टरमा धान खेती गरिएकोमा ६ लाख २० हजार मेट्रिक टन उत्पादन भएको अनुमान गरिएको छ। यसैगरी, मकैको उत्पादन १ लाख १० हजार मेट्रिक टन, कोदोको उत्पादन १९ हजार मेट्रिक टन र फापरको उत्पादन ५० मेट्रिक टन भएको अनुमान छ।

९. चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म ५६ किलोमिटर सडक र २ वटा सडक पुल निर्माण गरिएको छ। यस अन्तर्गत ११ किलोमिटर कालोपत्रे सडक, २६ किलोमिटर ग्रावेल सडक र १९ किलोमिटर माटो सडक रहेका छन्। यस अवधिमा ३६ कि.मी. तटबन्ध निर्माण, सतह सिँचाई योजनाबाट ३ हजार ३८३ हेक्टर, भुमिगत सिंचाईबाट ११० हेक्टर र नयाँ प्रविधिमा आधारित सिँचाई आयोजनाबाट २४० हेक्टर सिँचाई क्षेत्रको विस्तार, १५७ किलोमिटर पक्की कुलो र ७ किलोमिटर कच्ची कुलो निर्माण

भएको छ। साथै, खानेपानी सेवाको विस्तारबाट २८ हजार ३७ जनालाई स्वच्छ खानेपानी सेवा उपलब्ध भएको छ। प्रदेशको विद्युत उत्पादन क्षमता १६९ मेगावाट रहेको छ भने यस अवधिमा राष्ट्रिय प्रसारण ग्रिडबाट सुदूरपश्चिम प्रदेशमा विद्युत पहुँच ८७.३ प्रतिशत घरधुरीमा पुगेको छ।

१०. चालु शैक्षिक सत्र २०८२ मा कुल विद्यार्थी संख्या ७ लाख ७० हजार १७५ रहेको छ। सामुदायिक विद्यालयको कुल विद्यार्थी संख्यामा ७.७८ प्रतिशतले कमी आएको छ। गत शैक्षिक सत्रमा यस्तो गिरावट ५.८२ प्रतिशतको देखिएको थियो। माध्यमिक तह (कक्षा ९-१०) मा ३.३७ प्रतिशतले (कक्षा ११-१२) मा ०.२४ प्रतिशतले र (कक्षा ९-१२) मा २.५१ प्रतिशतले विद्यार्थी संख्या घटेको छ।

११. चालु आर्थिक वर्षमा २०८२ चैत्र मसान्तसम्ममा जम्मा १२ हजार ६१ सवारी साधनहरू प्रदेशका यातायात कार्यालयहरूमा दर्ता भई सकेका छन् जसबाट रू. ६५ करोड ४० लाख राजस्व संकलन भएको छ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताबाट सरकारको सारभूत नीतिगत दिशाबारे प्रकाश पारिसकिएको छ। त्यसैगरी विस्तृत तथ्याङ्कीय उपरोक्त विवरणको दस्तावेज **"आर्थिक सर्वेक्षण, २०८२/८३"** सम्मानीत सभा समक्ष पेश भइसकेको छ।

**माननीय सभामुख महोदय,**

अव म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौतीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(क) दिगो र समावेशी आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न नसक्दा प्रदेशको समग्र आर्थिक अवस्था अपेक्षा अनुरूप हुन सकेको छैन। साथै, आन्तरिक राजस्व संकलन न्यून हुँदा संघीय अनुदानमाथिको निर्भरता उच्च रहेको छ।

(ख) विनियोजन कुशलता, कार्यान्वयन क्षमता र वित्तीय अनुशासन सुदृढ हुन नसक्नु, आयोजना तथा कार्यक्रमको प्रभावकारी प्राथमिकीकरण हुन नसक्नु र प्रदेश आयोजना बैंक प्रणालीको पूर्ण कार्यान्वयन नहुँदा सार्वजनिक लगानी अपेक्षित रूपमा प्रतिफलमुखी बन्न सकेको छैन।

(ग) संघीय अन्तर सरकारी वित्तीय हस्तान्तरण प्रणालीको प्रभावकारी उपयोग हुन नसक्नु तथा प्रदेश र स्थानीय तहबीच अनुदानको उपयोग, खर्च अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणाली व्यवस्थित नहुँदा आयोजना कार्यान्वयनमा लाभ-लागत विश्लेषण तथा परिणाम सुनिश्चितता कमजोर देखिएको छ।

(घ) प्रदेशको रणनीतिक तथा रूपान्तरणकारी आयोजनाहरूमा स्रोत सुनिश्चित हुन नसक्नु, समयमै कार्यान्वयन हुन नसक्नु, संस्थागत क्षमता सीमित रहनु र लागत तथा समय वृद्धि हुँदै जानुका कारण पुँजी निर्माण, रोजगारी सिर्जना र आर्थिक वृद्धिको गति अपेक्षाकृत हुन सकेको छैन।

(ङ) शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा सार्वजनिक सेवाको गुणस्तर सुधार हुन नसक्नु, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायको समावेशी विकास सुनिश्चित गर्दै सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य प्राप्त गर्न थप प्रयास आवश्यक रहेको छ।

(च) जलवायु परिवर्तन, प्राकृतिक विपद् (बाढी, पहिरो, खडेरी) तथा वातावरणीय जोखिमका कारण कृषि उत्पादन, पूर्वाधार र समग्र आर्थिक गतिविधिमा प्रतिकूल प्रभाव परिरहेको छ। प्रदेशमा प्राकृतिक स्रोत तथा सम्भावनाको पर्याप्त उपयोग हुन नसक्दा कृषि, पर्यटन, जलविद्युत् तथा जडीबुटी जस्ता क्षेत्रहरूको अपेक्षित विकास र औद्योगिकीकरण हुन सकेको छैन।

(छ) प्रदेशमा लगानीमैत्री वातावरणको अभावका कारण औद्योगिक विस्तार र रोजगारी सिर्जनाले अपेक्षाकृत गति लिन सकेको छैन।

(ज) दक्ष जनशक्ति पलायन उच्च रहनु तथा स्थानीय स्तरमा रोजगारीका अवसर सीमित हुनुले मानव पुँजीको पूर्ण उपयोग हुन सकेको छैन। मानव पुँजीको विकास तथा श्रमशक्तिको प्रभावकारी परिचालन सन्तोषजनक हुन नसकेको कारण अर्थतन्त्रको विस्तारमा अपेक्षित सुधार हुन सकेको छैन।

**माननीय सभामुख महोदय,**

अब म आ.व. २०८३/८४ को बजेट तर्जुमा गर्दा लिएका उद्देश्यहरू प्रस्तुत गर्न चाहन्छु।

(क) सुशासन, डिजिटल रूपान्तरण र संस्थागत सुदृढीकरणमार्फत पारदर्शी, प्रभावकारी र जवाफदेही सार्वजनिक प्रशासन स्थापना गरी प्रदेशप्रतिको जनविश्वास अभिवृद्धि गर्नु।

(ख) कृषिको आधुनिकीकरण, औद्योगिक विकास, उद्यमशीलता र लगानी प्रवर्द्धनमार्फत उत्पादन, उत्पादकत्व, रोजगारी र आय वृद्धि गरी प्रदेश अर्थतन्त्रलाई थप गतिशील बनाउनु।

(ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सीप विकासमा लगानी वृद्धि गरी सक्षम, प्रतिस्पर्धी र उत्पादनशील मानव पुँजी निर्माण गर्नु।

(घ) गुणस्तरीय, उत्थानशील तथा प्रविधिमैत्री पूर्वाधार विकास मार्फत आर्थिक तथा सामाजिक रूपान्तरणलाई तीव्रता दिनु।

(ङ) जलवायु परिवर्तन अनुकूलन, वातावरणीय सन्तुलन तथा विपद् जोखिम व्यवस्थापनलाई दिगो विकासको अभिन्न अंगका रूपमा स्थापित गर्नु।

(च) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढ गरी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनमार्फत सेवा प्रवाह सुधार गर्नु।

**माननीय सभामुख महोदय,**

अब उपरोक्त उद्देश्य पुरा गर्न तय गरिएका सिद्धान्त र प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु।

**सिद्धान्तहरूः**

(क) सुशासन, डिजिटल रूपान्तरण र संस्थागत सुदृढीकरण,

(ख) दिगो सार्वजनिक वित्त व्यवस्थापन तथा वित्तीय अनुशासन,

(ग) उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण,

(घ) गुणस्तरीय तथा उत्थानशील पूर्वाधार विकास,

(ङ) मानव पुँजी विकास, सामाजिक न्याय र समावेशी विकास,

(च) दिगो तथा उत्थानशील विकास।

**क्षेत्रगत प्राथमिकताः**

(क) नीतिगत, संस्थागत तथा डिजिटल सुशासन सुदृढीकरण,

(ख) वित्तीय अनुशासन, नतिजामुखी सार्वजनिक खर्च तथा सार्वजनिक वित्त व्यवस्थापनमा सुधार,

(ग) उत्पादन वृद्धि, कृषि आधुनिकीकरण, उद्योग प्रवर्द्धन तथा रोजगारी सिर्जनाः

(अ) कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण,

(आ) उद्योग, उद्यमशीलता, सेवा व्यापार तथा लगानी प्रवर्द्धन,

(इ) पर्यटन प्रवर्द्धन तथा स्थानीय आर्थिक विकास।

(घ) उत्थानशिल पूर्वाधार निर्माण आर्थिक विकासको आधार,

(ङ) शिक्षा, स्वास्थ्य तथा मानव पुँजी विकास,

(च) सामाजिक न्याय, समावेशी विकास तथा लक्षित गरिबी न्यूनीकरण,

(छ) दिगो विकास, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन।

**माननीय सभामुख महोदय**

बजेटका उद्देश्य हासिल गर्न देहाय बमोजिमका सुधार प्रस्ताव गरेको छु।

(क) आन्तरिक राजस्व परिचालनको आधार विस्तार गर्दै कर प्रशासन सुधार, कर चुहावट नियन्त्रण तथा डिजिटल कर प्रणाली विस्तार गरी संघीय अनुदानमाथिको निर्भरता क्रमशः घटाइनेछ। कृषि, पर्यटन, जलविद्युत् र उद्योग क्षेत्रमा लक्षित लगानी अभिवृद्धि गरी दिगो आर्थिक वृद्धि हासिल हुने नीति लिएको छु।

(ख) आयोजना छनोट, प्राथमिकीकरण तथा बजेट विनियोजन प्रक्रियालाई प्रदेशको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, क्षेत्रगत रणनीति तथा अपेक्षित नतिजासँग आबद्ध गरी स्रोत विनियोजनलाई थप रणनीतिक, नतिजामुखी र उत्तरदायी बनाउने प्रयास गरेको छु। बजेट कार्यान्वयनमा देखिएका संरचनागत तथा प्रक्रियागत अवरोधहरूको नियमित समीक्षा गरी निर्णय प्रक्रियालाई छरितो, उत्तरदायी र परिणाममुखी हुने व्यवस्था गरेको छु।

(ग) प्रदेश गौरव, रूपान्तरणकारी तथा बहुवर्षीय आयोजनाहरूको कार्यान्वयन सुनिश्चित गर्न स्रोत सुनिश्चितता, पूर्वतयारी, खरिद व्यवस्थापन तथा कार्यान्वयन सहजीकरणका विशेष व्यवस्था अवलम्बन गरेको छु।

(घ) शिक्षा, स्वास्थ्य, सीप विकास, महिला, युवा, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गसँग सम्बन्धित कार्यक्रमहरूको प्रभावकारिता मापनयोग्य नतिजा सूचकका आधारमा सुनिश्चित गर्ने प्रयास गरेको छु।

(ङ) कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि तथा सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक नीतिगत सुधार, नियामकीय सहजीकरण तथा सार्वजनिक-निजी साझेदारीका संयन्त्रहरूसँग समन्वय गर्ने गरेको छु।

(च) संघ, प्रदेश र स्थानीय तहबीच योजना तर्जुमा, स्रोत परिचालन, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा अन्तरसरकारी समन्वयलाई थप सुदृढ गर्दै दोहोरोपन न्यूनीकरण र स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्ने प्रयास गरेको छु।

(छ) जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी प्रणाली, विपद् व्यवस्थापन क्षमता र जलवायु अनुकूलन कार्यक्रम कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाएको छु।

(ज) निजी लगानी आकर्षित गर्न यस प्रदेशमा लगानी तथा विकास सम्मेलन गरी लगानीको उपयुक्त वातावरण सिर्जना गर्न समन्वयात्मक कार्यलाई प्राथमिकतामा राखेको छु।

(झ) डिजिटल पूर्वाधार विस्तार गर्दै ई-गभर्नेन्स प्रणाली सुदृढ गरी सार्वजनिक सेवा प्रवाहलाई सरल र पारदर्शी बनाउन, सार्वजनिक स्रोत साधनको प्रभावकारी परिचालन, अनुत्पादक खर्च नियन्त्रण र वित्तीय सुशासन प्रवर्द्धनका लागि नीतिगत सुधारलाई निरन्तरता दिएको छु।

(ञ) दक्ष जनशक्ति विकास गर्न सीपमूलक तालिम, उद्यमशीलता प्रवर्द्धन र स्टार्टअप सहुलियत कार्यक्रम सञ्चालन गरी स्वरोजगार जनशक्ति उत्पादनलाई प्राथमिकता दिएको छु। साथै प्रदेशको समग्र विकासमा मानव पुँजीको प्रभावकारी परिचालनमार्फत आर्थिक वृद्धि बढाउने उद्देश्य लिएको छु।

माथि उल्लिखित सुधारले बजेट विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेको छु।

## माननीय सभामुख महोदय,

अब म चालु आर्थिक वर्षको बजेटका प्रमुख क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छुः

## कृषि, मत्स्य, पशुपन्छी र सहकारी

१. कृषि तथा पशुधन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी उत्पादित वस्तुको मूल्य अभिवृद्धि तथा व्यवसायीकरणलाई प्रवर्द्धन **गर्नुका साथै** ती वस्तुहरूलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग प्रभावकारी रूपमा आबद्ध गरी रोजगारीका थप अवसर सिर्जना गर्ने उद्देश्यले सञ्चालनमा रहेको **"एक स्थानीय तहः दुई उत्पादन"** कार्यक्रमलाई थप प्रोत्साहन तथा परिस्कृत गर्दै निरन्तरता दिएको छु। उक्त कार्यक्रम कार्यान्वयनका लागि रू. ५५ करोड ४४ लाख विनियोजन गरेको छु।

२. प्रदेशको गौरव र पहिचानसँग जोडिएका रैथाने तथा भौगोलिक पहिचान प्राप्त विशिष्ट उत्पादनहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र ब्रान्डिङलाई उच्च प्राथमिकता दिएको छु। मौलिक वस्तुहरूको पहिचानलाई सुदृढ गर्दै तिनको मूल्य अभिवृद्धि र बजारीकरणमार्फत किसान तथा उद्यमीहरूको आम्दानी वृद्धि गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा उत्पादन विविधिकरण, आधुनिक प्याकेजिङ, गुणस्तर सुधार र प्रभावकारी बजार पहुँच विस्तार गर्दै स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु|

३. स्वदेशमै श्रम, सीप र सिर्जनशीलताको सम्मान गर्दै "**पोखौं पसिना देशमै हाँसेर**" अभियान अन्तर्गत कृषि क्षेत्रमा युवाको आकर्षण बढाई उद्यमशीलता प्रवर्द्धन गर्न कृषि अध्ययन गरेका तथा विदेशबाट फर्किएका युवाहरूलाई लक्षित गरी "**युवा कृषि उद्यमशीलता विकास कार्यक्रम**" सञ्चालन गरिनेछ। यस कार्यक्रमका लागि रू. २ करोड ५ लाख विनियोजन गरेको छु।

४. विगतदेखि सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरूलाई आत्मनिर्भर बनाउँदै राज्यको मूलधारमा समावेश गर्न प्रभावकारी योगदान पुग्ने अपेक्षासहित विपन्न, दलित, मुक्त कमैया, कमलरी, हलिया, अपाङ्गता भएका व्यक्ति तथा एकल महिला लगायत लक्षित वर्गहरूको सशक्तीकरण र आर्थिक उत्थानका लागि निःशुल्क जीविकोपार्जन लक्षित कार्यक्रम सञ्चालन गर्न रू. ३ करोड ६० लाख विनियोजन गरेको छु।

५. पशुजन्य वस्तुको गुणस्तर तथा निर्यात प्रवर्द्धन गर्दै अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्न र खोरेतलगायत महामारीजन्य संक्रामक पशु रोगहरूको पहिचान, नियन्त्रण तथा रोकथाम

गर्न **"एक स्वास्थ्य"** रणनीति बमोजिम पूर्ण खोप अभियान कार्यक्रमका लागि रू ३ करोड विनियोजन गरेको छु।

६. आगामी आर्थिक वर्षलाई **प्राकृतिक खेतीमा रूपान्तरणको आधार वर्ष** घोषणा गरी सुदूरपश्चिम प्रदेशलाई प्राकृतिक तथा पर्यावरणीय खेतीको प्रदेशका रूपमा चिनाउन प्रादेशिक रोडम्याप तयार गरिनेछ। प्रांगारिक खेती प्रबर्द्धन मार्फत मानव स्वास्थ्य तथा कृषि पर्यावरणलाई दिगो रूपमा संरक्षण गरी माटोको भौतिक एवम् रासायनिक अवस्थामा सुधार ल्याउन र विषादी अवशेषरहित खाद्य पदार्थ उत्पादन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु।

७. प्रकृति र संस्कृतिको संरक्षणलाई एकीकृत गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलन प्रविधिको विकास र उपयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले **जलवायुमैत्री नमूना गाउँ कार्यक्रम**लाई निरन्तरता दिएको छु।

८. मानव-वन्यजन्तु द्वन्द्वको व्यवस्थापन तथा कृषकको आर्थिक समृद्धिलाई सँगसँगै अगाडि बढाउने उद्देश्यले जोखिम प्रभावित क्षेत्र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सहकार्यमा बोधिचित्त, मोरिंगा, फलफूल, अदुवा, बेसार, खुर्सानी, टिमुर लगायत बहुमूल्य वन पैदावार तथा नगदे बालीको उत्पादन र विस्तार कार्यक्रम सञ्चालन गर्न रू. २ करोड ९० लाख विनियोजन गरेको छु।

९. कृषिको व्यवसायीकरण, यान्त्रीकीकरण, विविधीकरण तथा आधुनिकीकरणको माध्यमबाट कृषि पेशालाई मर्यादित, आकर्षक र सम्मानीत बनाउँदै कृषि क्षेत्रको समग्र रूपान्तरण गर्ने लक्ष्यका साथ यस क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन तथा सम्मान प्रदान गर्न "**भीमदत्त पन्त उत्कृष्ट कृषि पुरस्कार**" कार्यक्रमलाई निरन्तरता दिएको छु।

१०. कञ्चनपुर र कैलाली जिल्लामा सञ्चालित सामुदायिक गौशालाहरूलाई बहुउद्देश्यीय व्यवसायिक उत्पादन केन्द्रका रूपमा विकास गरिनेछ। छाडा चौपायाको व्यवस्थापनलाई आर्थिक अवसरमा रूपान्तरण गर्दै दुग्ध, जैविक मल, बायोग्यास तथा अन्य पशुजन्य उत्पादनमार्फत आयमूलक गतिविधि विस्तार गर्न **रू. १ करोड १० लाख** विनियोजन गरेको छु।

११. गरिबी सूचकाङ्कमा पछाडि रहेका अछाम जिल्लाको ढकारी गाउँपालिका र कमलबजार नगरपालिका, बाजुरा जिल्लाको त्रिवेणी नगरपालिका, बैतडी जिल्लाको सिगास गाउँपालिका र शिवनाथ गाउँपालिका, डोटी जिल्लाको शिखर नगरपालिकामा पोषणस्तर सुधार तथा आयआर्जन अभिवृद्धिका लागि **"मुख्यमन्त्री लघु उद्यम कार्यक्रम"** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२. सहकारी क्षेत्रलाई उत्पादन, रोजगारी र समावेशी आर्थिक विकासको महत्वपूर्ण आधारस्तम्भका रूपमा स्थापित गर्न यसको संस्थागत क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन तथा प्रभावकारी नियमनका लागि रू.३ करोड ५० लाख बजेट विनियोजन गरेको छु। यसबाट सहकारी क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र साझेदारीको संस्कृति थप सुदृढ भई आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास लिएको छु।

१३. मुक्त कमैया, मुक्त कमलरी, मुक्त हलिया तथा अन्य अव्यवस्थित बसोबासी परिवारको सुरक्षित आवास निर्माण, जीविकोपार्जन सुदृढीकरण तथा आयआर्जनमूलक गतिविधि सञ्चालनमा सहयोग पुऱ्याउन रू.४ करोड विनियोजन गरेको छु।

**कृषि पूर्वाधार**

१४. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न थप १ हजार पाँच सय हेक्टर खेतीयोग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा विस्तार गर्न साना सिँचाइ आयोजनाको निर्माण तथा मर्मतसम्भार कार्यक्रमलाई निरन्तरता दिइ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको सहकार्यमा **"एकीकृत कृषि तथा सिँचाइ विकास आयोजना"** सञ्चालन गर्न **रू. १ करोड ३५ लाख** विनियोजन गरेको छु।

१५. सुदुरपश्चिम प्रदेशका नौं वटै जिल्लामा स्थानीय स्तरमा उत्पादित कृषि उपजहरूको प्रबर्द्धन गर्न **सुदूर कोशेली** नाममा ब्रान्डिङ्, प्याकेजिंग तथा बजारीकरणलाई सहयोग गर्न धनगढी विमानस्थलमा कोशेली घर संचालन कार्यलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु। यसबाट कृषिजन्य उत्पादन, प्रशोधन र बजारीकरणमा अभिवृद्धि हुने विश्वास लिएको छु ।

१६. सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्डमार्फत दुग्धजन्य उत्पादनको मूल्य शृंखला अभिवृद्धि गर्दै दुग्ध क्षेत्रलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउन धुलो दुग्ध कारखाना स्थापना गर्न रू ५ करोड विनियोजन गरेको छु।

१७. निजी क्षेत्र सँगको सहकार्यमा उच्च पहाडी जिल्लाहरू बझाङ्ग, बाजुरा र दार्चुलामा बृहत्तर भेडा बाख्रापालन कार्यक्रम सञ्चालन तथा उद्योग तथा उद्यमशीलताको विकास र प्रवर्द्धन गरी औद्योगिक मूल्य शृंखलामा आबद्ध गर्न निजी क्षेत्र र कृषि विकास बैङ्क समेतको सहकार्यमा बाजुरा जिल्लाको उत्तरपूर्वी क्षेत्रमा ऊन प्रशोधन तथा गलैचा उद्योग प्रबर्द्धनका लागि रू.६ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

**कृषि अनुदान तथा सहुलियत**

१८. लक्षित वर्गसम्म अनुदानको प्रभावकारी पहुँच तथा स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्न स्थानीय आवश्यकता तथा वास्तविक मागलाई सम्बोधन गर्ने उद्देश्यले **मागमा आधारित अनुदान कार्यक्रम**का लागि बजेट विनियोजन गरेको छु।

१९. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र उत्पादनशीलता अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्थामार्फत प्रवाह हुने कृषि कर्जामा सहुलियतपूर्ण व्याज अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु। कृषि अनुदान प्रणालीलाई क्रमशः बैंकिङ प्रणालीसँग आबद्ध गर्दै पारदर्शिता, प्रभावकारिता र सहज पहुँच सुनिश्चित गरिनेछ। यस प्रयोजनका लागि रू.१ करोड ७२ लाख विनियोजन गरेको छु।

२०. कृषि क्षेत्रको उत्पादन लागत न्यूनीकरण तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले गैर-अनुदानित रासायनिक मलमा उपलब्ध गराइँदै आएको अनुदानका लागि चालु आर्थिक वर्षको विनियोजन वृद्धि गरी रू. १ करोड ५० लाख पुर्‍याएको छु। साथै, दिगो र वातावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन गर्न प्राङ्गारिक मल कारखाना स्थापना तथा प्राङ्गारिक मलको उपयोगमा अनुदान कार्यक्रम सञ्चालनका लागि रू.२ करोड बजेट विनियोजन गरेको छु।

२१. एकीकृत कृषि प्रणालीको विकास तथा विस्तारमार्फत कृषि उत्पादनलाई दिगो, आत्मनिर्भर र प्रभावकारी बनाउने उद्देश्यका साथ खेती कार्यमा परनिर्भरता घटाई स्थानीय स्रोत साधनको अधिकतम उपयोग सुनिश्चित गर्न हल-गोरू पालन गर्ने कृषकहरूलाई

प्रोत्साहनस्वरूप अनुदान उपलब्ध गराउने कार्यक्रमका लागि रू.१ करोड ८० लाख विनियोजन गरेको छु।

## उद्योग वाणिज्य तथा आपूर्ति तर्फ

२२. "**मुख्यमन्त्री गरिबी निवारण तथा लघु उद्यम कार्यक्रम**" संचालन र **"एक जिल्ला एक उद्योग"** स्थापना र घरेलु तथा साना उद्योगबाट उत्पादित सामाग्रीलाई मेला महोत्सव, प्रदर्शनी मार्फत बजारीकरणमा टेवा पुऱ्याउन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२३. उद्योग तथा वाणिज्य प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेका विद्युतीय प्रणालीहरूको स्तरीकरण, अद्यावधिक गर्न र कालोबजारी नियन्त्रणका लागि बजार अनुगमन तथा उपभोक्ता हित तथा अधिकार सम्बन्धी सचेतनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२४. दलित समुदायद्वारा सञ्चालित उद्योगहरूको प्रवर्द्धन र दशरथ चन्द सीप विकास तथा क्षमता अभिबृद्धि तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशभित्रका घरेलु तथा साना उद्योगीबाट उत्पादित सामाग्री बिक्री प्रवर्द्धनका लागि कैलाली उद्योग वाणिज्य संघको सहकार्यमा कोशेली घर सञ्चालन र व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२५. युवाहरूलाई देशभित्रै स्वरोजगार बनाई देशभित्रै उत्पादनशिलता अभिवृद्धि गर्न विभिन्न किसिमका सीपमूलक तथा उद्यमशिलता तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## वन वातावरण तथा जलाधार व्यवस्थापन तर्फ

२६. कबुलियती वन प्रवर्द्धन, जडिबुटी प्रजातिहरूको संरक्षण तथा खेती विस्तार, वन अतिक्रमण, चोरी शिकारी तथा चोरी निकासी नियन्त्रण, वन डढेलो नियन्त्रण र नदी किनार क्षेत्रमा उन्नत जातका बाँस रोपण लगायतका कार्यलाई उच्च प्राथमिकता दिएको छु।

२७. दिगो वन व्यवस्थापन कार्यक्रम, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण तथा जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण कैलाली र कञ्चनपुर

जिल्लामा अवस्थित बसन्ता, लालझाडी मोहना र ब्रम्हदेव जैविक मार्गहरूको व्यवस्थापनका लागि आवश्यक विनियोजन गरेको छु।

२८. प्रदेश भित्रका प्रमुख सिमसार एवम् ताल तलैयाहरूको संरक्षण तथा व्यवस्थापन र स्थानीय तहको सहकार्यमा नगर हरियाली कार्यक्रम संचालन गरिनेछ। भू तथा जलाधार व्यवस्थापन अन्तर्गत पहिरो तथा गल्छी नियन्त्रण, तटबन्ध निर्माण, पानी मुहान संरक्षण, पोखरी निर्माण, बाँस रोपण, बायो इञ्जिनियरिङ्ग लगायतका कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९. एसियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा बझाङ्ग र बाजुरा जिल्लामा **"जलवायु उत्थानशील भू-परिधि तथा जीविकोपार्जन आयोजना"** कार्यान्वयनका लागि रू.२८ करोड ६९ लाख विनियोजन गरिएको छ।

**पर्यटन विकास तर्फ**

३०. प्रदेशको प्रमुख प्राकृतिक तथा धार्मिक पर्यटकीय गन्तव्य अपि, सुर्मा, सैपाल ट्रेकिङ्ग ट्रेल निर्माणका लागि रू. ५० लाख, दार्चुला जिल्लाको व्यासमा व्यास ऋषिको प्रतिमा स्थापनाका लागि रु. २ करोड र कञ्चनपुर जिल्लामा रहेको भम्केनी धामको संरक्षण विकास कार्यक्रमका लागि रू. १० करोड बजेट विनियोजन गरेको छु। साथै, जेठी बहुरानी, रानीसैन, बडिमालिका, रामारोशन, खप्तड लगायतका क्षेत्रलाई पर्यटन हबको रूपमा विकास, प्रवर्द्धन, प्रचारप्रसार र पहुँच लगायतका कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३१. बाकाबिर पर्यटन प्रवर्द्धन, देवाटबी धार्मिक पर्यटन सर्किट र साहसिक खेल तथा पर्यटन प्रवर्द्धन गर्ने प्रयोजनार्थ आवश्यक पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३२. पर्यटन व्यवसायमा संलग्न व्यवसायी तथा जनशक्तिहरूको क्षमता अभिवृद्धिका लागि सीप विकास तालिम, पर्यटकहरूको तथ्याङ्क सङ्कलन, अद्यावधिक लगायतका पर्यटक सम्बन्धी सूचना व्यवस्थापनका साथै पर्यटकहरूलाई सहजीकरण गर्नका लागि विगतदेखि विभिन्न स्थानहरूमा स्थापना भइरहेका पर्यटन सहायता कक्षहरूको सञ्चालनलाई निरन्तरता दिएको छु।

## सडक पूर्वाधार विकास

३३. प्रादेशिक सडक सञ्जाल गुरूयोजनाको प्राथमिकताको आधारमा प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्गहरू लगायत प्रदेश गौरव, बहुवर्षीय र समपुरक अनुदानका सडकहरूको विकास, विस्तार र स्तरोन्नति गरिनेछ। यसका लागि रू. १ अर्व ७४ करोड ४४ लाख विनियोजन गरेको छु।

३४. प्रादेशिक सडक सञ्जाल गुरूयोजना अन्तर्गत निर्माण सम्पन्न भएका कालोपत्रे सडकहरूमा बाह्रै महिना सहज आवागमनका लागि **"सडक मर्मत सम्भार समूह"** मार्फत नियमित मर्मत गर्न रू. ३ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

३५. विश्व बैंक र प्रदेश सरकारको संयुक्त लगानीमा प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम मार्फत सडक सञ्जालसँग नजोडिएका बझाङ्ग जिल्लाको साईपाल गाउँपालिका, दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिका र बाजुरा जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिकाको केन्द्रलाई प्रादेशिक तथा स्थानीय सडक सञ्जालसँग जोड्ने कार्यको निरन्तरताका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

३६. सडक पूर्वाधारलाई उत्पादनसँग जोड्न कृषि उत्पादन क्षेत्रदेखि प्रदेश लोकमार्ग, राजमार्ग वा बजारसम्म जोड्ने सडकलाई **"कृषि आर्थिक पहुँच मार्ग"** का रूपमा बहुउपयोगी हुने गरी प्राथमिकताका साथ निर्माण गर्ने कार्य आगामी आर्थिक वर्षबाट सुरू गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३७. प्रदेशको कार्यक्षेत्र अन्तर्गत पर्ने निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरूको तथ्याङ्क संकलन गरी आवधिक मर्मत सम्भार गरिनेछ।साथै, सडक सुविधा नपुगेका दुर्गम स्थानहरूमा पदमार्ग, घोडेटो र झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ। यसका लागि रू. १५ करोड ६० लाख विनियोजन गरेको छु।

३८. प्रदेशका सबै घरपरिवारलाई आधारभूत खानेपानी सेवा पुऱ्याउन **"एक घर, एक धारा"** कार्यक्रमलाई निरन्तरता दिँदै हालसम्म बहुवर्षीय तथा स्रोत सुनिश्चित गरिएका, क्रमागत र मर्मत सम्भार तथा प्रणालीलाई प्राथमिकता दिई खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३९. तटबन्ध, बायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जलउत्पन्न प्रकोप नियन्त्रण र योजनाबद्ध रूपमा नदी व्यवस्थापन गरी जमिन उकास गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छु। भूमिगत र सतह सिँचाइका अतिरिक्त टार तथा उच्च भू-भागहरूमा लिफ्ट प्रविधिमा आधारित सिँचाइ आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिएको छु।

४०. कृषि ज्ञान केन्द्रसँगको समन्वयमा कृषि पकेट, ब्लक, जोन र सुपर जोन क्षेत्रहरूलाई प्राथमिकतामा राखि सिँचाइ आयोजनाहरूको निर्माण गर्ने गरी **"एकीकृत कृषि-सिँचाइ आयोजना"** कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

४१. अशक्त, असहाय, विपन्न, लोपोन्मुख, सीमान्तकृत, दलित समुदाय, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका नागरिकलाई सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ। सरकारी कार्यालयका भवनहरूको निर्माण, मर्मत, सुधार तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिएको छु। यसका लागि रू. ४ करोड बजेट विनियोजन गरेको छु।

४२. आगामी आर्थिक वर्षमा सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी सम्पूर्ण अभिलेखको डिजिटाइजेसन र अर्काइभिङ गरी यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाई चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नविकरण, राजश्व भुक्तानी लगायतका सेवाहरू अनलाइन प्रणालीसँग आवद्ध गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**शिक्षा क्षेत्र**

४३. **"सानै छु म, बढ्न देउ बाल विवाह होइन पढ्न देउ"** अभियानलाई निरन्तरता दिन बाल विवाह विरूद्धको अभियान संचालनका लागि रू.१ करोड विनियोजन गरेको छु।

४४. स्थानीय तहसँगको सहकार्य, अभिभावक शिक्षा, स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जालको कृयाशीलता, विद्यालय, सामुदायिक पुस्तकालय, सामुदायिक सिकाइ केन्द्र, गैरसरकारी संस्था, नागरिक समाज, संघ-संस्थाको सहकार्यमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४५. प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रदेश सभा निर्वाचन क्षेत्रका एक-एक वटा माध्यमिक विद्यालयलाई प्रदेश नमूना विद्यालयको रूपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। प्रदेश नमूना विद्यालय विकास, सञ्चालन तथा व्यवस्थापनका लागि रू.५ करोड ५० लाख विनियोजन गरेको छु। डोटी जिल्लामा रहेको निजामती कर्मचारी आवासीय विद्यालयलाई प्रदेशको नमुना विद्यालयको रूपमा विकास गर्न बजेट विनियोजन गरेको छु।

४६. प्रत्येक स्थानीय तहमा एक-एक वटा बालविकास केन्द्रलाई **नमूना बालविकास केन्द्र**को रूपमा विकास गर्ने कार्यक्रमका लागि रू.१ करोड ७६ लाख बजेट विनियोजन गरेको छु।

४७. परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई संरक्षण र प्रोत्साहनका लागि आवश्यक अनुदानको व्यवस्था मिलाएको छु। स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत भान्सा निर्माणका लागि रू.६ करोड ५० लाख विनियोजन गरेको छु।

४८. अपाङ्गता भएका बालबालिका अध्ययनरत विशेष विद्यालय तथा स्रोत कक्षाहरूको व्यवस्थापन तथा सुदृढीकरणका लागि आवश्यक रकम विनियोजन गरेको छु। बादी समुदायका बालबालिकाहरूको विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षामा सहज पहुँचको लागि **"बादी उत्थान छात्रवृत्ति कार्यक्रम"** का लागि रू. १ करोड ४५ लाख विनियोजन गरेको छु।

४९. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सम्बन्धी प्रादेशिक रणनीति तर्जुमा गरिनेछ। औद्योगिक प्रशिक्षार्थी तालिम, पूर्व सिकाईको मान्यता विधिबाट सीप परीक्षण तथा प्राविधिक शिक्षाको गुणस्तर सुधारका लागि शिक्षालयहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम निरन्तरताका लागि बजेट विनियोजन गरेको छु।

५०. कमजोर आर्थिक, सामाजिक अवस्थाका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, चिकित्सा शिक्षातर्फको एम.वि.वि.एस/एम.डी.जि.पी. अध्ययन गर्न "**मुख्यमन्त्री शैक्षिक प्रोत्साहन छात्रवृत्ति**" कार्यक्रमलाई निरन्तरता दिएको छु। यस कार्यक्रमका लागि रू.४ करोड ५० लाख विनियोजन गरेको छु।

५१. टिकापुरमा विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि जग्गा प्राप्ति गरी भौतिक पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

५२. उच्च शिक्षामा पहुँच विस्तारसँगै शैक्षिक गुणस्तरमा सुधार गर्न प्रत्येक जिल्लामा एक/एक वटा नमूना क्याम्पस सञ्चालन कार्यक्रमको नीतिगत प्रवन्ध गरी कार्यान्वयनका लागि रू.४ करोड ५० लाख विनियोजन गरेको छु।

५३. प्रदेश भित्रका सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुधार तथा क्षमता अभिवृद्धिका लागि सहयोग कार्यक्रम  तथा उच्च शिक्षाको स्नातक र स्नातकोत्तर अन्तिम वर्षमा अध्ययनरत वा परीक्षा दिएर बसेका इच्छुक युवा विद्यार्थीहरूका लागि प्रदेश स्थित क्याम्पस तथा विश्वविद्यालयको समन्वयमा इन्टर्नसिप कार्यक्रम सञ्चालन गरी **"सिक्दै कमाउदै, कमाउदै सिक्दै"** कार्यक्रममा बजेट विनियोजन गरेको छु।

५४. धनगढीमा रहेको फाप्ला क्रिकेट मैदानको स्तरोन्नति एवं रंगशाला निर्माणका लागि संघ सरकारसँग साझेदारी गर्न आवश्यक समन्वय र सहकार्य गरिने छ। राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगितामा उत्कृष्ट भई पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई सम्मान सहित प्रोत्साहनका लागि बजेट विनियोजन गरेको छु।

**स्वास्थ्य क्षेत्र**

५५. **"मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम"** अन्तर्गत प्रदेश सरकारका अस्पतालहरूमा प्रयोगशाला, आकस्मिक सेवा, शल्यक्रिया तथा सघन उपचार कक्ष, फार्मेसी, रेडियोलोजी विभाग लगायतका अत्यावश्यक सेवालाई थप स्तरोन्नति गर्न रू.१ करोड बजेट विनियोजन गरेको छु।

५६. प्रदेशभित्र विशेषज्ञ सेवाको उपलब्धतालाई जोड दिदै डाईलाइसिस सेवालाई सुदृढ गर्ने नीति अनुरूप सेती प्रादेशिक अस्पताल र लम्कीचुहा अस्पतालमा ५/५ शैय्या, महाकाली प्रादेशिक अस्पतालमा चार शैय्या, टिकापुर अस्पतालमा तीन शैय्या, बयलपाटा प्रादेशिक अस्पताल, जोगबुढा प्रादेशिक अस्पताल र अन्य जिल्ला अस्पतालहरूमा समेत न्यूनतम २ शैय्याको डाईलासिस सेवा विस्तार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५७. सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टिकापुर अस्पताललाई १०० शैय्या क्षमतामा स्तरोन्नती गर्नुका साथै अछाम, बझाङ्ग, बाजुरा, बैतडी, डोटी र दार्चुला जिल्लाका जिल्ला अस्पताललाई २५ देखि ५० शैय्या क्षमतामा स्तरोन्नती गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५८. **"घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम"** अन्तर्गत कैलाली र कञ्चनपुरमा थारू समुदाय लक्षित सिकेलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको पहिचान, निदान र उपचारको निरन्तरताको लागि रकम छुट्याएको छु।

५९. **"मेरो स्वास्थ्यः मेरो जिम्मेवारी"** को मूल नारा अनुरूप नसर्ने तथा मानसिक रोग न्यूनीकरणका लागि स्थानीय तह, निजी तथा गैर सरकारी क्षेत्रको सहकार्यमा स्वस्थ सहर अवधारणा अन्तर्गत कार्यक्रम सञ्चालन गरिने छ। नसर्ने रोग स्क्रिनिंग क्लिनिक, विद्यालय नर्स, सार्वजनिक स्थानहरूमा खुला व्यायामशाला, ध्यान तथा योग, आरोग्य केन्द्रहरू स्थापना र सञ्चालन गर्न बजेट विनियोजन गरेको छु। प्रदेशको जिम्मेवारी अन्तर्गत पर्ने निःशुल्क अत्यावश्यक औषधिहरू सर्वसाधारणका लागि सहज उपलब्धताको व्यवस्था गर्न पर्याप्त बजेट विनियोजन गरेको छु।

६०. सडक दुर्घटना पश्चात तत्काल प्रतिकार्य र क्षति न्यूनीकरणका लागि भिमदत्त राजमार्ग अन्तर्गत डोटीको छतिवन स्वास्थ्य चौकीलाई स्थानीय तहको समन्वय र साझेदारीमा प्रि-ट्रमा केयर सेन्टरमा स्तरोन्नति र संचालनको सुरूवात गर्नका लागि बजेट विनियोजन गरेको छु।

६१. प्रदेशभित्र आयुर्वेद स्वास्थ्य सेवाको सवलीकरणका लागि प्रादेशिक आयुर्वेद चिकित्सालयलाई ५० शैय्या क्षमतामा स्तरोन्नती गरी प्रदेशस्तरीय आयुर्वेद औषधि उत्पादन केन्द्रको रूपमा विकास समेत गरिने छ। यसका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

६२. प्रदेशका बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिलाहरूको पोषण अवस्था सुधारका लागि पोषण सुरक्षा कार्यक्रम संचालन गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु। कडा कुपोषण भएका बालबालिकाहरूको पोषण पुनर्स्थापना केन्द्रसम्म पहुँच सुनिश्चितता गर्न जिल्लास्थित अस्पताल मार्फत आकस्मिक प्रेषणका लागि बजेटको व्यवस्था गरेको छु।

६३. प्रजनन स्वास्थ्यमा सुधार ल्याई मातृ तथा बाल मृत्युदर न्यूनीकरण गर्न **"ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम"** को निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु। सबै जिल्लामा प्रजनन स्वास्थ्यका समस्या र रूग्णता पहिचान र व्यवस्थापन गर्न विषेशज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु।

६४. ग्रामिण समुदायको विशेषज्ञ चिकित्सा सेवामा पहुँच बढाउन स्वास्थ्य क्षेत्रमा डिजिटलाईजेसन (स्वास्थ्यको एकिकृत ड्यास बोर्ड, इलेक्ट्रोनिक परिवार स्वास्थ्य प्रोफाईल, टेलिमेडिसिन,

जीआईएस कोडिंग लगायत) लाई थप विस्तार र सुदृढीकरण गर्दै प्रदेश मातहतका अस्पतालमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको विस्तार र व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६५. स्थानीय तहसँगको सहकार्यमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री वितरण र समुदायमा आधारित पुनर्स्थापनाका क्षेत्रमा कार्यक्रम संचालन गर्न तथा शारीरिक रूपमा अपाङ्गता र अटिज्म भएका बालबालिकाहरूका लागि स्क्रिनिङ्ग सेवा जिल्ला स्तरमा सुरूवात गर्न बजेट विनियोजन गरेको छु।

६६. सामाजिक स्वास्थ्य सुरक्षा अन्तर्गत जोखिममा रहेका, सीमान्तीकृत र विपन्न वर्गहरूलाई बिशेष कार्यक्रम संचालन गर्न, प्रदेशभित्रका अस्पतालमा रहेका सामाजिक सुरक्षा इकाईलाई सुदृढ गर्न र महिला स्वास्थ्य स्वयम् सेविकाहरूको निःशुल्क बीमा कार्यक्रमलाई निरन्तरता दिएको छु। डोटी जिल्लामा निर्माण सम्पन्न भईसकेको प्रदेश सरूवा रोग अस्पताललाई आवश्यक कार्ययोजना बनाई सञ्चालन गर्ने प्रबन्ध गरेको छु।

**सामाजिक क्षेत्र**

६७. जेष्ठ नागरिक सम्बन्धी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै लैजाने रणनीति अनुरूप प्रादेशिक अस्पतालका जेष्ठ नागरिक इकाईको स्तरोन्नति गर्दै सेती, महाकाली र टीकापुर अस्पतालबाट एकल महिला, 'क' वर्गको अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूलाई निःशुल्क परीक्षण र औषधि व्यवस्थापनका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

६८. **स्वस्थ बालबालिका सक्षम महिला र सम्मानीत ज्येष्ठ नागरिक सुदूरपश्चिमको प्रतिवद्धता** भन्ने नाराका साथ **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक दशक** संचालनका लागि रू.५० लाख विनियोजन गरेको छु।

६९. महिला विरूद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपायहरू अवलम्वन गरिनुका साथै लैङ्गिक हिंसा निवारण र लागु औषध दुर्व्यसन नियन्त्रणका लागि सुरक्षा निकायसंगको साझेदारीमा सचेतना कार्यक्रम संचालन गरिनेछन्। महिलाहरूलाई उद्यम र रोजगार तर्फ प्रोत्साहित गर्न **द्वारिका देवी ठकुरानी महिला सशक्तिकरण** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७०. **"प्रदेश प्रमुख स्टार्टअप कार्यक्रम"** अन्तर्गत सीप विकास कार्यक्रम सञ्चालन गरी युवामा उद्यमशीलता प्रवर्द्धन गर्दै स्वरोजगार अभिवृद्धि गरिनेछ। वैदेशिक रोजगारबाट फर्किएका, द्वन्द्व प्रभावित, अपाङ्ग, घाइते, शहीद परिवार, एकल महिला, मुक्त कमैया, कमलरी, हलिया, दलित, बादी, राउटे तथा गरिबीको रेखामुनी रहेका समूहका स्वरोजगार बन्न इच्छुक युवायुवतीको लागि तालिम प्रदायक संस्थासँगको सहकार्यमा सीपमूलक तालिम सञ्चालन गरिनेछ तथा सहुलियत व्याजदरमा कर्जा प्रवाहको व्यवस्था मिलाइनेछ।

७१. बैदेशिक रोजगारी र भारत जाने श्रमिकहरूको व्यवस्थित अभिलेख राख्नका लागि तथ्याङ्कीय प्रणालीको विकास गरिनेछ। रोजगारीबाट फर्किसकेपछि निजहरूले सिकेको ज्ञान सीप अनुसार व्यवसाय गर्न वित्तीय पहुँच सहितका कार्यक्रम संचालन गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु।

## आन्तरिक सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आम सञ्चार

७२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी, पूर्वसूचना प्रणाली विस्तार, खोज तथा उद्धार क्षमता अभिवृद्धि, विपद् स्वयंसेवक परिचालन, जोखिम नक्साङ्कन तथा विपद् सचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७३. प्रदेश आपतकालीन सञ्चालन केन्द्र तथा मानवीय सहायता भण्डारण प्रणालीलाई थप सुदृढ बनाउन, खोज तथा उद्धार सामग्री खरिद गर्न तथा विपद् प्रभावित नागरिकको राहत र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

७४. सीमावर्ती क्षेत्रको सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन संघ सरकारसँगको समन्वयमा कञ्चनपुर जिल्लाको गड्डाचौकी र कैलाली जिल्लाको त्रिनगर तथा खक्रौला अन्तर्राष्ट्रिय सीमा नाका क्षेत्रमा सिसिटिभी, एक्स-रे ब्यागेज स्क्यानर, वाकथ्रु मेटल डिटेक्टर तथा कन्ट्रोल रूम स्थापना गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

७५. कैदीबन्दीहरूको सुधार, पुनर्स्थापना तथा आत्मनिर्भरता अभिवृद्धिका लागि सीपमूलक तालिम, सकारात्मक सोच तथा योग-ध्यान कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७६. पत्रकारिता क्षेत्रको व्यावसायिकता अभिवृद्धि गर्न अनुसन्धानमूलक पत्रकारिता पुरस्कार, पत्रकार क्षमता विकास तालिम तथा सञ्चार माध्यम सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७७. "डिजिटल सुदूरपश्चिम फ्रेमवर्क "अन्तर्गत डिजिटल शासन, सूचना प्रविधिमा आधारित सेवा प्रवाह तथा साइबर सुरक्षासम्बन्धी पूर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७८. मनसुनजन्य तथा आगलागिजन्य विपद्बाट प्रभावित परिवारको पुनर्निर्माण तथा पुनः स्थापनाका लागि अनुदान कार्यक्रमलाई निरन्तरता दिन रू. २ करोड बजेट विनियोजन गरेको छु।

## सार्वजनिक सेवा प्रवाह, कर्मचारी उत्प्रेरणा र शासकीय सुधार

७९. प्रदेशको स्थायी राजधानीका निर्माणका लागि नेपाल सरकारबाट जग्गाको भोगाधिकार प्राप्तिका लागि आवश्यक पहल गरिनेछ। साथै, प्रदेश राजधानीका लागि भौतिक पूर्वाधार एवं संरचनाहरूको निर्माण कार्य अघि बढाइने छ।

८०. प्रदेश र स्थानीय तहका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण मापदण्ड तर्जुमा एवं कार्यान्वयन गरिने छ। अनुत्पादक र कम प्रभावकारी रहेका वा कार्यक्षेत्रमा दोहोरोपना रहेका निकायहरूको एकीकरण वा कटौती गर्ने र उपयुक्त आकारमा ल्याउन प्रदेश मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संस्थागत पुनर्संरचना र दरबन्दी पुनरावलोकनको कार्य अगाडि बढाउन बजेट विनियोजन गरेको छु।

८१. प्रदेशको आर्थिक सबलीकरणका लागि पूर्वाधार निर्माण तथा उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न एवं लगानीमैत्री वातावरण सिर्जना सरोकारवालासँगको सहकार्य र समन्वयमा “प्रदेश लगानी तथा विकास सम्मेलन” आयोजनाका लागि रू.१ करोड बजेट विनियोजन गरेको छु।

८२. प्रदेश सरकार मातहतका निकायमा सूचनाको हक सुनिश्चित गर्न सूचना अधिकारीहरूको क्षमता विकास तथा कार्यालयहरूको वेवसाइट, अनलाईन पोर्टल, डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई तथा गुनासो व्यवस्थापनलाई प्रभाकारी बनाइनेछ।सेवा प्रवाहका सम्बन्धमा आउने गुनासो न्यूनीकरण गर्न हेलो सि.एम. कार्यक्रम अन्तर्गत सूचना

प्रविधियुक्त गुनासो सुनुवाई प्रणालीलाई अझै क्रियाशिल बनाउन बजेट विनियोजन गरेको छु।

८३. प्रदेशभित्रका महत्वपूर्ण विकास आयोजना एवं गतिविधिहरूको प्रत्यक्ष नियमित अनुगमन गर्न, विपद्को समयमा शीघ्र सूचना आदान प्रदान गर्न तथा मन्त्रालयहरूको नियमित प्रगती अनुगमन गर्न समेत सहयोग पुग्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अत्याधुनिक प्रविधियुक्त डिजिटल नियन्त्रण र अनुगमन कक्ष "सि.एम. एक्सन रूम तथा कमाण्ड सेन्टर" लाई प्रादेशिक विद्युतीय अनुगमन प्रणालीसँग अन्तर आबद्धता गरी समग्र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन पर्याप्त बजेट विनियोजन गरेको छु।

८४. योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन गरी स्वच्छ, निष्पक्ष र प्रभावकारी रूपले प्रदेश निजामती सेवा र स्थानीय सेवाका रिक्त पदमा पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगलाई स्रोत साधन सम्पन्न बनाउन पर्याप्त बजेट विनियोजन गरेको छु।

८५. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरी अध्ययन अनुसन्धान एवं प्रदेश तथा स्थानीय सेवाका कर्मचारीको प्रशिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

८६. राष्ट्रिय किताबखाना (निजामती) सँग आवश्यक समन्वय र सहकार्य गरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश किताबखाना स्थापना तथा सञ्चालन गर्न रू.२ करोड बजेट विनियोजन गरेको छु।

८७. नेपाल सरकारको निर्णयानुसार प्रदान गरिदै आएको मंहगीभत्ता वापतको रकम रू. ५ हजार प्रदेश निजामती सेवाको स्वीकृत दरबन्दीमा कार्यरत सबै राष्टसेवक कर्मचारीहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

८८. प्रदेशमा कार्यरत राष्टसेवक कर्मचारीलाई सम्वत् २०७८ साल श्रावण १ गतेबाट उपलब्ध गराईदै आएको प्रदेश विशेष प्रोत्साहन भत्तालाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु। यसबाट सार्वजनिक निकायमा कार्यरत कर्मचारीको मनोवल उच्च भई सेवा प्रवाहमा थप प्रभावकारिता वृद्धि हुने विश्वास लिएको छु।

८९. नेपाल सरकारले सम्वत् २०८३ साउन १ गतेदेखि लागू हुने गरी राष्टसेवक कर्मचारीको सुरू तलवमानमा गरेको १० प्रतिशत बृद्धि र सो पछि कायम हुने नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्थालाई प्रदेश निजामती सेवाको स्वीकृत दरवन्दीमा कार्यरत सबै राष्टसेवक कर्मचारीलाई समेत उपलब्ध गराउने व्यवस्था मिलाएको छु।

## सार्वजनिक वित्त व्यवस्थापन

९०. प्रदेशको आयव्यय सम्बन्धी सूचना प्रणालीलाई एकीकृत र अन्तरआबद्ध बनाउँदै संघीय सरकारका सम्बन्धित वित्तीय सूचना प्रणालीसँग क्रमशः आबद्ध गरिनेछ। यसबाट आयव्यय तथा प्रतिवेदनको विश्वसनीयता र समयबद्धतामा सुधार गरिनेछ। बजेट कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न मन्त्रालय तथा निकायहरूको वित्तीय तथा भौतिक प्रगतिको त्रैमासिक समीक्षालाई सुदृढ बनाई नतिजामूलक बजेट व्यवस्थापनमा जोड दिइनेछ।

९१. सार्वजनिक खरिद प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउन विद्युतीय खरिद प्रणालीको प्रयोग विस्तार गरिनेछ तथा खरिद व्यवस्थापनमा सुशासनका मानकहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

९२. संघ, प्रदेश र स्थानीय तहबीचको वित्तीय अन्तर समन्वयलाई सुदृढ गर्न राजस्व साझेदारी, वित्तीय हस्तान्तरण तथा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी सूचना आदानप्रदान र समन्वय संयन्त्र निर्माण गरी प्रभावकारी बनाइनेछ।

९३. आयोजना तथा कार्यक्रमको लागत, उपलब्धि र प्रभावको मूल्याङ्कन गर्ने प्रणाली विकास गरी सार्वजनिक स्रोतको उपयोगमा मितव्ययिता, प्रभावकारिता र नतिजा प्रवर्द्धन गरिनेछ।

९४. बेरूजु न्यूनीकरणलाई उच्च प्राथमिकता दिँदै महालेखापरीक्षकको कार्यालय तथा आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरूजु र सुझावहरूको फछ्र्यौट तथा सम्परीक्षणलाई प्रभावकारी बनाउन वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्न मन्त्रालय तथा मातहत निकायहरूको लेखापरीक्षण प्रतिवेदनमाथि नियमित समीक्षा तथा बेरूजु व्यवस्थापन अभिलेखीकरण, अनुगमन प्रणालीलाई व्यवस्थित बनाई डिजिटल ट्र्याकिङ प्रणाली विकास गरी लागू गरिनेछ।

९५. प्रदेशस्तरीय तथ्याङ्क संकलन र व्यवस्थापन मार्फत तथ्यमा आधारित नीति तर्जुमा प्रणाली विकासका लागि एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

## राजस्व परिचालन

९६. कम्तीमा पाँच वर्ष वा सोभन्दा बढी अवधिसम्म नियमानुसार बुझाउनुपर्ने सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको हकमा सवारी साधन कर तथा नवीकरणको जरिवानामा शत प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छु।

९७. सामुदायिक तथा साझेदारी वन समूहको बिक्री वितरणबाट प्राप्त हुने आम्दानीको बाँडफाँटमा साविककै व्यवस्थालाई निरन्तरता दिएको छु।

९८. प्रदेश जनस्वास्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने स्वास्थ्य परीक्षण र प्रदेशमा संचालनमा रहेका शैक्षिक परामर्श, भाषा प्रशिक्षण, कोचिङ्ग, ट्यूसन, पूर्व तयारी र अनलाइन प्रशिक्षण गर्ने शैक्षिक संस्थाहरूले सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका निकायबाट अनुमति पत्र लिनुपर्ने व्यवस्था मिलाएको छु।

## स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण

९९. सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८२ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा भई कार्यान्वयनमा आएको छ।

१००. आर्थिक वर्ष २०८३/८४ को लागि स्थानीय तहमा समानीकरण अनुदानतर्फ रू. ९१ करोड ८० लाख करोड वित्तीय हस्तान्तरण गरेको छु।

१०१. स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमतर्फ ससर्त अनुदानमा रकम रू. ४ अर्व ३७ करोड ८६ लाख, समपूरक अनुदानतर्फ रू. ८१ करोड ४४ लाख ३७ हजार र विशेष अनुदानतर्फ रू. ४९ करोड ५० लाख वित्तीय हस्तान्तरण गरेको छु।

१०२. प्रदेश विभाज्य कोषमा जम्मा हुने सवारी साधन कर रू. ३२ करोड स्थानीय संचित कोषमा बाँडफाँट भएर जाने अनुमान गरेको छु।

१०३. विषयगत मन्त्रालयबाट प्रस्तावित सशर्त अनुदानतर्फ विनियोजित कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमा पठाउने व्यवस्था मिलाएको छु। सशर्त अनुदानका कार्यक्रम हस्तान्तरण एवम् कार्यान्वयन सम्बन्धी व्यवस्था विनियोजन विधेयकमा गरेको छु।

**माननीय सभामुख महोदय,**

१०४. अब म माथि उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०५. आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कूल रू. ३७ अर्व ७० करोड ३९ लाख ६६ हजार विनियोजन गरेको छु।

१०६. आर्थिक वर्ष २०८३/८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रू. १ अर्व ७२ करोड, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रकम रू. १० अर्व २४ करोड ९२ लाख ६६ हजार, संघीय रोयल्टी बाँडफाँट वापत प्राप्त हुने रकम रू. ७ करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू. ९ अर्व ६ करोड ३३ लाख, आर्थिक वर्ष २०८२/८३ को विनियोजनबाट बचत हुने अनुमानित रकम रू. ९ अर्व ६५ करोड, ससर्त अनुदानबाट प्राप्त हुने रू. ६ अर्व ३ करोड ५८ लाख, संघीय समपूरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रू. ३८ करोड ८० लाख र विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रू. ५२ करोड ७६ लाख प्राप्त हुने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

१०७. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय व्यय विवरण अनुसूचीमा उल्लेख गरेको छु। मध्यमकालीन खर्च संरचना र विषयगत मन्त्रालयको चालु आर्थिक वर्षको प्रगति विवरण यसै साथ प्रस्तुत गरेको छु।

१०८. आर्थिक वर्ष २०८३/८४ मा अन्तरसरकारी वित्त व्यवस्थापनको माध्यमबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ससर्त अनुदानको विवरण व्यय अनुमानमा खुलाई पेस गरेको छु।

१०९. आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट प्रदेशमा उत्पादन र उत्पादकत्व अभिवृद्धि, भौतिक पूर्वाधार विकास, उच्च र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी, बेरोजगारी, आर्थिक असमानता तथा सामाजिक विभेद र वञ्चितिकरणको न्यूनीकरण, सामाजिक न्याय, मानव पुँजी निर्माण, मानव विकास, विधिको

शासन, प्रभावकारी सेवा प्रवाह, संघीयता कार्यान्वयन र सुशासन प्राप्तिका लागि बलियो आधार निर्माण गरी आत्मनिर्भर, स्वचालित र समृद्ध प्रादेशिक अर्थतन्त्रको विकास हुने विश्वास लिएको छु।

११०. प्रस्तुत बजेट तर्जुमा गर्ने क्रममा मार्गदर्शन प्रदान गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, यस प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यूहरू, माननीय मन्त्रीज्यूहरू, माननीय उपसभामुखज्यू, प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिज्यूहरू तथा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवम् सदस्यज्यूहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै, मैले सम्मानीत प्रदेश सभामा प्रस्तुत गरेको बजेटका सिद्धान्त र प्राथमिकतामाथि छलफल गरी महत्वपूर्ण तथा रचनात्मक सुझाव प्रदान गर्नुहुने माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

१११. प्रस्तुत बजेट तर्जुमा प्रक्रियामा रचनात्मक सुझाव, सल्लाह तथा सहयोग प्रदान गर्नुहुने राजनीतिक दलहरू, स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरू, निजी तथा सहकारी क्षेत्र, राष्टसेवक कर्मचारीहरू, सामुदायिक तथा सामाजिक संघ-संस्थाहरू, सञ्चार जगत, नागरिक समाज तथा स्वदेश एवं विदेशमा रहनु भएका सम्पूर्ण प्रदेशवासीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्तमा, यस प्रदेशमा गरिबीको रेखामुनी रहेका तथा विभेद, वञ्चितीकरण र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाति र समुदायहरूको उत्थान तथा सशक्तीकरण, गरिबी, बेरोजगारी र श्रम पलायनजस्ता आर्थिक तथा सामाजिक चुनौतीहरूको सम्बोधन साथै सांस्कृतिक, पर्यावरणीय, आयोजना व्यवस्थापन तथा सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा विद्यमान समस्या र चुनौतीहरूको समाधान गर्दै **"आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश"** निर्माणको दीर्घकालीन सोच हासिल गर्न बलियो आधार तयार गर्ने उद्देश्यले प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सम्बद्ध सबै पक्षको अर्थपूर्ण सहभागिता, सहकार्य र सहयोगका लागि सम्पूर्ण सरोकारवाला निकाय, निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज तथा आम प्रदेशवासीमा हार्दिक अनुरोध गर्दछु।

अन्तमा, यस प्रदेशमा गरिबीको रेखामुनी रहेका तथा विभेद, वञ्चितीकरण र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाति, समुदायहरूको उत्थान तथा सशक्तीकरण, गरिबी, बेरोजगारी र श्रम पलायनजस्ता आर्थिक तथा सामाजिक, सांस्कृतिक, पर्यावरणीय, आयोजना व्यवस्थापन तथा

सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा विद्यमान समस्या र चुनौतीहरूको सम्बोधन गर्दै **"आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश"** निर्माणको दीर्घकालीन सोच साकार पार्ने दृढ उद्देश्यका साथ प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, पारदर्शी अनुगमन तथा परिणाममुखी मूल्याङ्कन मार्फत अपेक्षित उपलब्धि हासिल गर्न सम्बद्ध सबै पक्षको अर्थपूर्ण सहभागिता, समन्वय, सहकार्य र सहयोग अपरिहार्य रहेको छ। यसका लागि सम्पूर्ण सरोकारवाला निकाय, निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज, सञ्चार जगत तथा आम प्रदेशवासीहरूमा हार्दिक सहयोग, समर्थन र सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गर्दछु।

धन्यवाद

# अनुसूचीहरू

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८३/८४

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०८१/८२ को यथार्थ | २०८२/८३ को संशोधित अनुमान | २०८३/८४ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघीय अनुदान | |
| | | | | | संघीय | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **१५,०४,८०,२६** | **१४,०७,००,०७** | **२१,६८,९२,६६** | **२१,६८,९२,६६** | **०** | **०** |
| २ कर | १०,०६,२१,२१ | ९,८१,०१,६५ | ११,२४,८४,०६ | ११,२४,८४,०६ | ० | ० |
| ३ अन्य राजस्व | ५७,६३,६६ | ६४,००,८५ | ७२,७३,६० | ७२,७३,६० | ० | ० |
| ४ बिबिध प्राप्ति | ४,४०,९५,३९ | ३,६१,९७,५७ | ९,७१,३५,०० | ९,७१,३५,०० | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **१५,०४,८०,२६** | **१४,०७,००,०७** | **२१,६८,९२,६६** | **२१,६८,९२,६६** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **११,०२,५५,३७** | **१३,५३,७७,८०** | **१६,०१,४७,००** | **०** | **१२,७८,८८,००** | **३,२२,५९,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **२६,०७,३५,६३** | **२७,६०,७७,८७** | **३७,७०,३९,६६** | **२१,६८,९२,६६** | **१२,७८,८८,००** | **३,२२,५९,००** |
| **८ खर्च (९+१०+११)** | **२२,२०,२५,६९** | **२२,८४,१६,७३** | **३७,६३,१२,६६** | **२१,६१,६५,६६** | **१२,७८,८८,००** | **३,२२,५९,००** |
| ९ चालु | ६,७५,३१,३८ | ८,६१,५८,०४ | १०,१२,७६,३० | ७,८५,६२,१३ | १,५६,१४,१७ | ७१,००,०० |
| १० पूंजीगत खर्च | १२,४७,४७,२३ | ११,१९,०३,४५ | २०,८९,४३,८० | ७,१५,१०,९७ | ११,२२,७३,८३ | २,५१,५९,०० |
| ११ वित्तीय हस्तान्तरण चालु | २,९७,४७,०८ | ३,०३,५५,२४ | ६,६०,९२,५६ | ६,६०,९२,५६ | ० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-३,८७,०९,९४** | **-४,७६,६१,१४** | **-७,२७,००** | **-७,२७,००** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **०** | **७,२७,००** | **७,२७,००** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५+१६+१७)** | **०** | **०** | **७,२७,००** | **७,२७,००** | **०** | **०** |
| १५ सार्वजनिक संस्थानमा ऋण लगानी | ० | ० | ० | ० | ० | ० |
| १६ अन्य संस्थामा ऋण लगानी | ० | ० | ० | ० | ० | ० |
| १७ संस्थानमा शेयर लगानी | ० | ० | ७,२७,०० | ७,२७,०० | ० | ० |
| **१८ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-३,८७,०९,९४** | **-४,७६,६१,१४** | **०** | **०** | **०** | **०** |
| **१९ कुल आम्दानी** | **२६,०७,३५,६३** | **२७,६०,७७,८७** | **३७,७०,३९,६६** | **२१,६८,९२,६६** | **१२,७८,८८,००** | **३,२२,५९,००** |
| **२० कुल खर्च** | **२२,२०,२५,६९** | **२२,८४,१६,७३** | **३७,७०,३९,६६** | **२१,६८,९२,६६** | **१२,७८,८८,००** | **३,२२,५९,००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान
